# धरान उपमहानगरपालिका

# धरान राजपत्र

धरान उपमहानगरपालिकाद्वारा प्रकाशित

मितिः २०८१।१०।०४

**धरान उपमहानगरपालिका**

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति- २०८१

# विषयसूची


| | |
|---|---|
| २. वर्तमान स्थिति | ४ |
| ३. समस्या, चुनौति तथा अवसरहरू | ५ |
| ४. लैससास नीतिको आवश्यकता तथा महत्व | ७ |
| ५. नीतिका सिद्धान्तहरू | ९ |
| ६. दूरदृष्टि | १० |
| ७. ध्येय | १० |
| ८. लक्ष्य | ११ |
| ९. उद्देश्य | ११ |
| १०. नीति | १२ |
| ११. रणनीति/कार्यनीति | १४ |
| १४. अनुगमन तथा मूल्याङ्कन | २७ |
| १६. नीति कार्यान्वयन समिति | ३० |
| १७. नीति कार्यान्वयन कार्ययोजना | ३१ |

# १. पृष्ठभूमी

नेपालको संविधानले मुलुकको बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरि विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दै; वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक तथा जातीय विभेद अन्त्य गरि आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ। संविधानले सुनिश्चित गरेका सम्मान पूर्वक बाँच्न पाउने हक, स्वतन्त्रताको हक, समानताको हक, छुवाछुत तथा भेदभाव विरूद्धको हक, महिलाको हक, बालबालिकाको हक, दलितको हक, ज्येष्ठ नागरिकको हक, सामाजिक न्यायको हक र सामाजिक सुरक्षाको हक प्रत्याभूत गराउन लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धी नीतिको व्यवस्था गर्नु राज्यको दायित्व हो।

मुलुकमा संघीयता लागू भएपछि संघ, प्रदेश र स्थानीय गरि तीनै तहमा निर्वाचित सरकारहरू सञ्चालनमा छन्। नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न तथा संघ, प्रदेश र स्थानीय तहबीचको सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरि सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्नका साथै लोकतन्त्रका लाभहरूको समानुपातिक, समावेशी र न्यायोचित वितरण गरि कानूनी राज्य र दिगो विकासको अवधारणा अनुरूप समाजवाद उन्मूख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तह देखि नै सुदृढीकरण गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लागू भएको छ। यस सन्दर्भमा धरान उप-महानगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण पद्धतिलाई संस्थागत गरि समुदायमा पछाडी पारिएका महिला, दलित, आदिवासी जनजाती, मधेसी, थारू, मुस्लिम,

पिछडावर्ग, अल्पसंख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पीछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्य, एकल महिला र हिंसा पीडितहरूलाई उप-महानगरपालिकाको सामाजिक-आर्थिक विकासका गतिविधि, अवसर र निर्णय प्रक्रियामा समान पहुँच, समान अग्रसरता र समान सहभागिता सुनिश्चित गरि सबैका लागि आत्मसम्मान बोध हुने वातावरण निर्माण गर्ने हेतुले यो "धरान उप-महानगरपालिकाको लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०८०" तर्जुमा गरि कार्यान्वयनमा ल्याएको छ।

## २. वर्तमान स्थिति

राष्ट्रिय जनगणना २०७८ (२०२१) अनुसार धरान-उपमहानगरपालिकाको कुल जनसंख्या १,६६,५३१ (पुरूष ७८,४१० र महिला ८८,१२१) रहेको छ। अनुपस्थित जनसंख्या मध्ये पुरूष २७.२६% र ६.२७% छ। साक्षरताको दृष्टिकोणबाट धरान उप-महानगरपालिकामा १२.३% ५ वर्ष भन्दा माथिका जनसंख्या लेखपढ गर्न नसक्ने अवस्थामा छन् भने महिलाको प्रतिशत १८.८ छ। अपाङ्गता भएका पुरूष र महिलाको संख्या ४,१२३ (२.४७%) छ। सम्पत्तिमाथि महिलाको स्वामित्वको दृष्टिकोणले १८.५८% महिलाको घर र जग्गा दुवैमा, १२.२२% महिलाको जग्गामा र २.९८% महिलाको मात्र घरमा स्वामित्व रहेको देखिन्छ। जन्मदर्ता भएका ५ वर्ष मुनिका बालबालिकाको संख्या अझै ७१% छ। कुल परिवार संख्या ४२,३९६ मध्ये ८१.४% को घरभित्र खानेपानीको धारा जडान भएको, ८६.८४% ले ग्यासमा खाना पकाउने ९८.८८% को विजुली बत्ती जडान भएको, ९१.१२% ले स्मार्ट मोबाइल फोन प्रयोग गर्ने र ६६.५७% को इन्टरनेटमा पहुँच भएको अवस्था छ। सरकारी क्षेत्र, वित्तिय संस्थान, गैर वित्तिय संस्थान, गैर नाफामूलक संस्था, घरेलु काम समेत गरि १० वर्ष

भन्दा माथिका उमेरका ३८,३९५ पुरूष र ३२,७०३ महिला रोजगारमा रहेको देखिन्छ।

यस अगाडी उप-महानगरपालिकाले नमूनाका रूपमा घरधुरी सर्भेक्षण सम्पन्न गरि प्रारम्भिक तथ्याङ्क सहित लैससास नीति बनाउने न्यूनतम आधार तयार पारेको छ। हालै धरान उप–महानगरपालिकाका प्रमुखको अग्रसरतामा हज्जारौं धरानवासी महिला, पुरूष लगायत विपन्न र सीमान्तकृत समुदायको जनश्रमदानबाट पाइप विछ्याई धरान नगरमा खानेपानी ल्याउने अभियानबाट सुरक्षित खानेपानीमा पहुँच बृद्धि हुनुका साथै सामाजिक कार्यमा जनश्रमदान गर्ने नेपाली संस्कृतिको प्रवर्द्धन भएको छ। सेवाग्राहीहरूको सुविधाका लागि सहायता कक्ष सञ्चालनमा छ। विभिन्न वडाहरूमा टोल विकास संस्थाका साथै महिला सञ्जाल गठन भएका छन् भने वडाहरूलाई क्रमशः बालमैत्री वडा घोषणा गर्ने अभियान जारी रहेको छ। सामाजिक विकास माहाशाखा अन्तर्गतको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा समेतको लैससास कार्यान्वयनका लागि क्षमता अभिबृद्धि भइरहेको सन्दर्भमा लैससासलाई मूर्तरूप दिन उप–महानगरपालिकासँग सक्रियता पूर्वक सहकार्य गर्न तत्पर नागरिक समाज संस्थाहरू कार्यरत छन्। केही उद्यमी महिलाहरूले स्वरोजगारमूलक तरिकाले उद्योग व्यवसाय सञ्चालन गरिरहेका छन् भने लोप हुन लागेको संस्कृति (जस्तै पञ्चे बाजा, धीमे बाजा) लाई जगेर्ना गर्ने कार्य पनि गरिरहेका छन्। लैङ्गिक हिंसाका पीडित/प्रभावितहरूका लागि अस्थायी सुरक्षित गृह, लैङ्गिक हिंसा निवारण कोष स्थापना हनुका साथै भौतिक संरचना निर्माण गर्दा अपाङ्गतामैत्री बनाउने प्रयास गरिएको छ।

## ३. समस्या, चुनौति तथा अवसरहरू

उप–महानगरपालिकामा लैससासको लागि आवश्यक खण्डीकृत तथ्याङ्कलाई एकीकृत रूपमा व्यवस्थापन गरि अद्यावधिक नहुनु,  जातजातिको स्थिति बारे तथ्याङ्क नहुनु, स्थानीयत स्तरमा हरेक बर्ष तयार हुने प्राबिधिक जनशक्तिको

एकीकृत तथ्याङ्क नहुनु, श्रमको सम्मान नहुनु, महिला हिंसाका घटनाहरूमा पीडित/प्रभावितले एकै ठाउँबाट पाउनु पर्ने सेवा पाउन नसक्नु, पीडित/प्रभावितको गोपनीयताको हक बारे सरोकारवालाहरु सचेत नहुनु, बैदेशिक रोजगार लगायत विदेश गएका व्यक्तिहरूको परिवारमा पारिवारिक विखण्डनको जोखिमी बढ्नु, वञ्चितीकरणमा परेका वर्ग र समूहलाई आर्थिक तथा सामाजिक रूपमा सशक्तिकरण गर्न नसक्नु, विभिन्न लिङ्ग, वर्ग, समुदाय र जातजातीबीच व्यवहारगत विभेद कायमै रहनु, लक्षित वर्गको अवसर तथा लाभको न्यायोचित वितरण लगायत सूचनामा पहुँच सुनिश्चित हुन नसक्नु, सरोकारवालाहरूमा लैससास सम्बन्धी बुझाईमा एकरूपता नहुनु, नियमित रूपमा लैङ्गिक उत्तरदायी बजेट परीक्षण नहुनु, उप–महानगरपालिका अन्तर्गत गठन भएका समिति र संरचनामा लैससासको भावनालाई पूर्ण रूपमा समेट्न नसक्नु र उप–महानगरपालिकाको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीमा लैससासको अवधारणालाई पूर्ण रूपमा अवलम्बन गर्न नसक्नु केही मुख्य समस्याहरू हुन्।

साथै उप–महानगरपालिकाको नीति, योजना तथा कार्यक्रम निर्माण प्रक्रियामा लैससासको सवाललाई पूर्ण रूपमा मूलप्रवाहीकरण गर्नु, उप–महानगरपालिका अन्तर्गत गठन हुने सबै प्रकारका समिति तथा संरचनाहरूलाई लैससास मैत्री बनाउनु, ती समिति संरचनाहरूमा महिला लगायत विपन्न र सीमान्तकृत समुदायबाट सक्रिय र अर्थपूर्ण रूपमा सहभागिता गराउनु, समाजमा पितृसत्तात्मक सोच र हानीकारक सामाजिक मूल्यमान्यताहरूलाई हटाउनु, महिला धेरै संख्यामा संलग्न रहने घरेलु कामको आर्थिक मूल्याङ्कन गर्नु, महिलालाई आर्थिक आयमा संलग्न गराउनु, सम्पत्तिमा महिलाको स्वामित्व बढाउनु, सडक मानवको व्यवस्थापन, युवापिडींमा लागूऔषध दूर्व्यसन, लक्षित वर्गको आयस्तरमा रहेको ठुलो असमानतालाई कम गर्नु, लाभ वाडफाँडमा वास्तविक लक्षित वर्गको पहिचान तथा पहुँच सुनिश्चित गर्नु र विद्यमान कानूनी ब्यबस्थाका बारे सबै लक्षित वर्गलाई सचेत गराउनु मुख्य चुनौतिहरू हुन्।

समावेशीकरणलाई प्रवर्द्धन र प्रोत्साहन गर्ने संवैधानिक ब्यबस्थाहरू, स्थानीय सरकार सञ्चालन ऐन, नेपाल सरकारले अन्तर्राष्ट्रिय रूपमा जनाएका प्रतिवद्धताहरू आदिले स्थानीय सरकारलाई नीति तथा कानून निर्माण गर्ने स्वायतत्ता प्रदान गरेको हुँदा उप-महानगरपालिकालाई लैससास उत्तरदायी नगर बनाउने अवसर प्रदान गरेको छ। उप-महानगरपालिका क्षेत्रमा केही आत्मनिर्भर सामाजिक संघस्थाहरू छन् जसको माध्यमबाट लैससास सम्बन्धमा सामाजिक जागरणका साथै कामको सम्मान र बेरोजगारको समाधान सम्बन्धी अभियान सञ्चालन गर्ने अवसर छ। संघीय तथा प्रदेश सरकारको लैससास मैत्री बजेट तथा कार्यक्रमले पनि उप-महानगरपालिकालाई लैससास नीति बनाउने अवसर प्रदान गरेको छ।

# ४. लैससास नीतिको आवश्यकता तथा महत्व

स्थानीय सरकार सञ्चालन ऐन २०७४, मा स्थानीय तहले आफनो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीय स्तरमा विकासका लागि आवधिक, बार्षिक, रणनीतिगत रूपमा मध्यकालिन तथा दीर्घकालिन योजना बनाई लागू गर्नुपर्ने कुरालाई कानूनी दायित्वको रूपमा ब्यबस्था गरेको र योजना बनाउँदा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्ने भनी उल्लेख गरेको छ।

लैससासको सिद्धान्तले मानव अधिकारको सम्मान गर्दछ। श्रोत, साधन र निर्णय प्रक्रियामा वञ्चितीकरणमा परेको वा वञ्चितीकरणको जोखिममा रहेका वर्गको पहुँच र नियन्त्रण अभिवृद्धि गर्दछ। नेपालको संविधानले सुनिश्चित गरेका मौलिक हकहरू मध्ये पनि समानताको हक, महिलाको हक, बालबालिकाको हक, दलितको हक, ज्येष्ठ नागरिकको हक, सामाजिक न्यायको हक, सामाजिक सुरक्षाको हकलाई स्थानीय तहमा प्रत्याभूत गराउन एवं संविधानमा महत्वका साथ उल्लेख भएका सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिलाई मूर्तरूप दिन समेत स्थानीय तहमा लैससासको नीति तर्जुमा र कार्यान्वयनले महत्व राख्दछ। संविधानको

अनुसूची ८ मा उल्लेख भएको स्थानीय तहको एकल अधिकारको सूची तथा अनुसूची ९ मा उल्लेख भएको संघ, प्रदेश र स्थानीय तहको अधिकारको सूचीका विषयमा कानून तथा नीतिहरू बनाउँदा लैससासको अवधारणालाई मूलप्रवाहीकरण गर्न पनि यो नीतिको आवश्यकता छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा व्यवस्था भएको स्थानीय तहको काम, कर्तव्य अधिकार बमोजिम धरान उप–महानगरपालिकामा बसोबास गर्ने सबै नागरिकहरूको पहिचान, प्रतिनिधित्व, सहभागिता र अधिकार सुनिश्चित गर्नुका साथै सबै नगरवासीलाई सुखी नागरिक समृद्ध उप–महानगरपालिकाको मूलप्रवाहमा ल्याउन र विकास प्रक्रियामा सबैको योगदान प्राप्त गर्न यो नीतिको आवश्यकता छ। यो नीतिको प्रतिपादनद्वारा महिला लगायत वञ्चितीकरणमा परेका वा वञ्चितीकरणको जोखिममा रहेका समुदाय सहित सबैको क्षमता विकास गर्नुका साथै सामाजिक, साँस्कृतिक, राजनीतिक र आर्थिक रूपले सवलीकरण गरि उनीहरूलाई आर्थिक सामाजिक विकासको क्रियाकलापहरूमा सक्रिय र अर्थपूर्ण रूपमा सहभागी गराउन पनि यो नीतिको आवश्यकता छ। यो नीतिद्वारा भेदभाव विहीन वातावरणको निर्माण भई धरान उप–महानगरपालिकामा सबै समूहका लागि आफूहरू क्रियाशील भई समानुपातिक रूपले लाभ तथा अवसर उपलब्ध गर्न सक्ने वातावरण निर्माण हुने अपेक्षा गरिएको छ। उप–महानगरपालिकामा लैससास नीति कार्यान्वयनबाट वञ्चितीकरणमा परेका वा वञ्चितीकरणको जोखिममा रहेका सबै महिला, बालिका, पुरूष, बालक एवं विभिन्न सामाजिक पहिचान भएका समूहहरूले आर्थिक, सामाजिक, तथा मनोवैज्ञाकि रूपले सशक्त हुने अवसर पाउनेछन्।यो नीतिको पालनाबाट उप–महानगरपालिका क्षेत्र अन्तर्गत कार्यरत नीति निर्माता, निर्णयकर्ता तथा सेवा प्रदान गर्ने पदाधिकारीहरू एवं संघ संस्थाहरूको मूल्य, मान्यता, संरचनामा परिवर्तन आउने छ। साथै यस नीतिको कार्यान्वयनले जिम्मेवार सबै पदाधिकारीहरूको सोच, धारणा, दृष्टिकोण र व्यवहारमा सकारात्मक परिवर्तन हुने छ भने नेपाल सरकारले

तयार पारेको पन्ध्रौं योजना, प्रदेश सरकारको योजना र दिगो विकास लक्ष्यसँग मिलान हुने गरि उप–महानगरपालिकामा लैससास उत्तरदायी शासनको प्रत्याभुती दिलाउन सहज हुनेछ। यो नीतिले लक्षित समूहप्रति समतामूलक तरिकाले व्यवहार गर्ने, सम्मान गर्ने र सेवा सुविधा उपलब्ध गराउने गरि लैङ्गिक उत्तरदायी शासन प्रणालीको प्रवर्द्धन गर्नमा ठोस योगदान पुर्‍याउने छ। यो नीतिले उप-महानगरपालिकालाई, महिला तथा आर्थिक रूपमा विपन्न र सामाजिक रूपमा सीमान्तकृत समुदायको निम्ति अभिभावकत्व ग्रहण गर्दै यस क्षेत्रमा कार्यगर्ने सरकारी निकाय, गैरसरकारी संघसंस्था र निजी क्षेत्रलाई समेत दिशा निर्देश गरि समन्वय, सहकार्य र अनुगमन गर्नमा सहज बनाउने छ।

## ५. नीतिका सिद्धान्तहरू

देहायका सिद्धान्तका आधारमा यो नीति निर्माण गरिएको छ:

(क) भेदभाव रहीत **(Non-discrimination):-** यो नीतिले कोही कसैमाथि पनि भेदभाव नगर्ने सिद्धान्तलाई स्वीकार गर्दछ।

(ख) सारभूत समानता **(Substantive equality):-** यो नीतिले लैससासका लागि सारभूत समानता अर्थात परिणाममा समानताको सिद्धान्तलाई अंगीकार गर्दछ।

(ग) समता **(Equity):-** यो नीतिले असमान ब्यक्तिहरूबीच समता कायम गर्न असमान व्यवहार गर्नुपर्ने सिद्धान्तलाई स्वीकार्दछ।

(घ) कोहि पछाडि नछुटुन **(No one leave behind):-** यो नीति दिगो विकास लक्ष्यको कोही पनि पछाडि नछुटुन् भन्ने अवधारणामा आधारित छ।

(ङ) कसैलाइ हानि नपुऱ्याउने **(Do no harm):-** यो नीतिले कसैलाई पनि हानि नोक्सानी वा क्षति नपुर्‍याउने सिद्धान्त लिएको छ।

(च) शून्य सहनशीलता **(Zero tolerance):-** यो नीतिले लैङ्गिक विभेद, शोषण र हिंसाका घटनाहरूमा शून्य सहनशीलताको सिद्धान्तलाई अङ्गिकार गरेको छ।

(छ) अर्थपूर्ण सहभागिता **(Meaningful participation):-** यो नीतिको सफल तथा प्रभावकारी कार्यान्वयनका लागि जसको सरोकार उसको आवाज भन्ने सिद्धान्तलाई आत्मसात गर्दै सबै सरोकारवालाहरूको अर्थपूर्ण सहभागितालाई महत्व दिइएको छ।

(ड) साझेदारिता र सहकार्य **(Partnership and collaboration):-** यो नीतिको प्रभावकारी कार्यान्वयनमा मुख्य सरोकारवालाहरूको समन्वय, साझेदारिता र सहकार्यलाई प्राथमिकता राखिएको छ।

(ढ) सकारात्मक सोच **(Appreciative inquiry):-** यो नीति सकारात्मक सोच लिई परिवर्तन सम्भव छ र आफैले गर्न सकिन्छ भन्ने सिद्धान्तबाट निर्देशित छ।

# ६. दूरदृष्टि

समतामूलक, समावेशी, समृद्ध, न्यायपूर्ण र उर्जाशील धरान उप–महानगरपालिका।

# ७. ध्येय

धरान उप-महानगरपालिका सबै क्षेत्रमा सबै महिला, दलित, आदिवासी, जनजाति, मधेशी, मुस्लिम, उत्पीडित वर्ग, पीछडा वर्ग, बालबालिका, ज्येष्ठ नागरिक, अशक्त, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एच. आई. भी. एड्स संक्रमित, आर्थिक रूपले विपन्न वर्ग लगायत वञ्चितीकरणमा परेका र वञ्चितीकरणको जोखिममा रहेका नागरिकहरू (महिला तथा आर्थिक रूपमा विपन्न र सामाजिक रूपमा सीमान्तकृत समुदाय) को सशक्तिकण गरि समान अवसर, समान प्रतिफल र समान लाभ हासिल गर्ने सवल वातावरण निर्माण गर्ने।

## ८. लक्ष्य

समतामूलक र समावेशी विकासको माध्यमबाट धरान उप–महानगरपालिकाका सबै सामाजिक आर्थिक विकासका प्रयासहरूमा लैङ्गिक तथा सामाजिक समावेशीकरणको प्रक्रिया अवलम्वन गरि जातीय, क्षेत्रीय र लैंङ्गिक भेदभावरहीत,  हिंसामुक्त, न्यायपूर्ण र सम्मुनत समाजको निर्माण गर्ने।

## ९. उद्देश्य

(१) धरान उप-महानगरपालिकामा लैससास उत्तरदायी शासन पद्धतिलाई संस्थागत गरि सामाजिक तथा आर्थिक विकासका सबै प्रकृयामा सबै महिला, दलित, आदिवासी, जनजाति, मधेशी, मुस्लिम, उत्पीडित वर्ग, पीछडा वर्ग, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अशक्त, असहाय अनाथ, अपाङ्गता भएका व्यक्ति, सडक मानव, सडक बालबालिका, एच. आई. भी. एड्स संक्रमित, आर्थिक रूपले विपन्न वर्ग लगायत वञ्चितीकरणमा परेका र वञ्चितीकरणको जोखिममा रहेका नागरिकहरू (महिला तथा आर्थिक रूपमा विपन्न र सामाजिक रूपमा सीमान्तकृत समुदाय) को सशक्तिकरण गरि सो समुदायको लागि समान अवसर र समान प्रतिफल सुनिश्चित गर्ने।

(२) धरान उप-महानगरपालिकाको सबै संरचनाका साथै नीति कानून, योजना, कार्यक्रम, वजेट तर्जुमा, कार्यान्वयन, अनुमगमन, मूल्याङ्कन र सूचना सम्प्रेषणका सबै प्रकृयाहरूमा लैससासको दृष्टिकोणलाई मूलप्रवाहीकरण गर्ने।

(३) महिला तथा आर्थिक रूपमा विपन्न र सामाजिक रूपमा सीमान्तकृत समुदायको क्षमता विकास गरि आयआर्जन तथा रोजगारीका क्षेत्रमा पहुँच अभिवृद्धि गर्ने।

(४) समाजमा प्रतिवन्ध, वहिष्करण, बञ्चितीकरण, सीमितता र बहुविभेद लगायतका कारण महिला तथा आर्थिक रूपमा विपन्न र सामाजिक रूपमा सीमान्तकृत समुदायले भोग्नु परेका असहजता, अवरोध, भेदभाव र हिंसाको अन्त्य गर्ने।

(५) सडकमा आश्रय लिइ बस्ने सडक मानव सडक तथा लबालिकाहरुको उद्धार गरि व्यवस्थाप पुनःस्र्थापना तथा व्यवस्थापन गरि सडक मानव मुक्त बनाउने ।

# १०. नीति

**उद्देश्य १ संग सम्बन्धित**

१.१ महिला तथा आर्थिक रूपमा विपन्न र सामाजिक रूपमा सीमान्तकृत समुदायको सहभागिता र आवाज सुनिश्चितताका लागि उप-महानगरपालिकाको विकास प्रक्रियामा लैससास शासन पद्धतिलाई संस्थागत गरिने छ।

१.२ महिला तथा आर्थिक रूपमा विपन्न र सामाजिक रूपमा सीमान्तकृत समुदायको अन्तर विभाजकत्व (inter-sectionality) लाई ध्यान दिई सो समुदायको आर्थिक, सामाजिक एवं राजनीतिक सशक्तिकरण गर्दै उप-महानगरपालिकाको विकास प्रक्रियामा सो समुदायको समानुपातिक र अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ।

१.३ उप-महानगरपालिकाको सामाजिक तथा आर्थिक विकास प्रकृयामा महिला तथा आर्थिक रूपमा विपन्न र सामाजिक रूपमा सीमान्तकृत समुदायको सहभागिता अभिबृद्धि गर्न सामाजिक रूपान्तरणको प्रयासका साथै सकारात्मक कार्यनीति अवलम्वन गर्न जोड दिइनेछ।

**उद्देश्य २ सँग सम्बन्धित**

२.१ उप-महानगरपालिका अन्तर्गत कार्यरत पदाधिकारी तथा कर्मचारीहरूलाई अनुशिक्षणको माध्यमबाट भौतिक पूर्वाधारको निर्माण लगायत सामाजिक आर्थिक विकासका सम्पूर्ण प्रयासहरूमा लैससासको

दृष्टिकोणलाई मूलप्रवाहीकरण गरि लैङ्गिक उत्तरदायी बजेट तथा लैससास परीक्षणलाई कार्यान्वयन गरिने छ।

२.२ सबै क्षेत्रमा लैससास व्यवस्थापन तथा सूचना प्रणाली लागू गर्नुका साथै उप-महानगरपालिकामा तयार भएका सबै नीति तथा कानूनहरूलाई लैससासको दृष्टि (GESI Lens) ले पुनरावलोकन गरिनेछ।

२.३ सामाजिक विकास महाशाखा, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखालाई लैङ्गिक विश्लेषण एवं लैङ्गिक परीक्षण गर्ने गरि सहित लैससास सम्पर्क बिन्दूको रूपमा क्षमता विकास गरिनेछ।

<u>उद्देश्य ३ संग सम्बन्धित</u>

३.१ महिला तथा आर्थिक रूपमा विपन्न र सामाजिक रूपमा सीमान्तकृत समुदायका निम्ति सबै क्षेत्रमा आय आर्जन तथा रोजगारीका अवसरहरूमा अर्थपूर्ण सहभागिता र समान पहुँच सुनिश्चित गर्न उनीहरूको प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकासमा जोड दिइने छ।

३.२ महिला तथा आर्थिक रूपमा विपन्न र सामाजिक रूपमा सीमान्तकृत समुदायलाई आय आर्जन तथा रोजगारका अवसर प्रदान गर्ने हेतुले उप-महानगरपालिकामा सवल वातावरण निर्माण गरिने छ।

३.३ औपचारिक तथा अनौपचारिक क्षेत्रमा महिला तथा आर्थिक रूपमा विपन्न र सामाजिक रूपमा सीमान्तकृत समुदायको शिक्षा, सीप, रोजगारी, स्वास्थ्य लगायत उनीहरूको क्षमता विकासलाई सर्वोपरि राखी उनीहरूको हित (well-being) लाई ध्यान दिने उद्योगी व्यवसायी तथा संस्थाहरूलाई सहुलियत दिई प्रोत्साहन गरिने छ।

<u>उद्देश्य ४ संग सम्बन्धित</u>

४.१ समाजमा विद्यमान सबै प्रकारका भेदभावजन्य बोलीचाली, व्यवहार तथा हानीकारक परम्पराको अन्त्य गर्न प्राथमिकताका साथ विशेष कार्यक्रमहरू लागू गरिनेछ।

४.२ परिवार, कार्यस्थल, सार्वजनिक स्थलमा र अनलाइन मार्फत हुने यौनिकता तथा लैङ्गिकतामा आधारित हिंसा, दुर्व्यवहार र शोषण विरूद्ध शून्य सहनशीलता (Zero tolerance) को नीति अवलम्वन गर्दै महिला, किशोरी, बालिका, ज्येष्ठ नागरिक, दलित, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एच.आई.भी./एड्स सङक्रमितले सम्मानित र सुरक्षित जीवन जिउन सक्ने वातावरण सुनिश्चित गरिनेछ।

४.३ यौनजन्य तथा लैङ्गिक हिंसाका पीडित/प्रभावितको गोपनीयताको अधिकार सुनिश्चित गरि सेवा प्रवाहका लागि सहयोगी संयन्त्रको विकास गरिनेछ।

# ११. रणनीति/कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **नीति १.१ संग सम्बन्धित** | |
| १.१.१ उप-महानगरपालिकका सबै वडाहरूमा महिला तथा आर्थिक रूपमा विपन्न र सामाजिक रूपमा सीमान्तकृत समुदायको वर्तमान स्थिति बारे अध्ययन गर्ने। | • लैससासको विद्यमान अवस्था र अवरोध बारे विश्लेषण सहितको सामाजिक नक्साङ्कन (Social Mapping) तयार पार्ने।<br>• अध्ययन प्रतिवेदनका मुख्य निस्कर्षलाई सरोकारवाला सबैलाई व्यापक रूपमा जानकारी गराउने। |
| १.१.२. सबै वडाहरूमा सामाजिक आर्थिक विकासका योजना प्रकृयामा महिला तथा आर्थिक रूपमा विपन्न र सामाजिक रूपमा | • कृषि, पशु विकास, उद्योग, वन तथा वातावरण, पर्यटन, श्रम, रोजगार, यातायात, लगायतका आयमूलक क्षेत्र र शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई लगायतका सामाजिक क्षेत्रमा लक्षित समुदायको सूचनाको हक लगायत नागरिक |

| | |
|---|---|
| सीमान्तकृत समुदायले समान अवसर, पहुँच, प्रतिफल र लाभ हासिल गर्न सक्ने गरि सवल वातावरण निर्माण गर्ने। | अधिकार र कर्तव्य बारे बोध गराउन सचेतनाका कार्यक्रमहरू सञ्चालन गर्ने।<br>• अन्तर्राष्ट्रिय महासन्धिहरू तथा नेपालको कानूनले सुनिश्चित गरेका सामाजिक, आर्थिक, राजनीतिक तथा नागरिक अधिकार र दायित्व बारे सरोकारवाला सेवा प्रदायकहरूलाई जानकारी गराउने। |
| **नीति १.२ संग सम्बन्धित** | |
| १.२.१ उप-महानगरपालिकाको सबै कार्यक्रम र बजेट प्रणालीमा लैससास पद्धतिलाई संस्थागत गरि अन्तरपक्षीयता (inter-sectionality) लाई सम्बोधन गर्ने। | • सबै सामाजिक आर्थिक विकासका साथै विपद व्यवस्थापनका कार्यक्रमहरूमा समेत लैससासको सिद्धान्तलाई पूर्णरूपमा पालना गर्ने।<br>• योजना, कार्यक्रम र बजेट निर्माण तथा कार्यान्वयन गर्दा बहुविभेद र अन्तरपक्षीयता (inter-sectionality) लाई पूर्णरूपमा ध्यान दिने। |
| १.२.२ उप-महानगरपालिकाको विकास प्रक्रियामा लक्षित समुदायको क्रियाशील र अर्थपूर्ण सहभागिता सुनिश्चित गरि उनीहरूको पहुँच स्थापित गर्ने। | • योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्दा महिला तथा आर्थिक रूपमा विपन्न र सामाजिक रूपमा सीमान्तकृत समुदायका प्रतिनिधि संस्थाहरूको माध्यमद्वारा सक्रिय तथा अर्थपूर्ण सहभागिता गर्ने गराउने। |

| नीति १.३ संग सम्बन्धित | |
|---|---|
| १.३.१ उप-महानगरपालिकामा सञ्चालन हुने सामुदायिक विकास कार्यक्रमहरूलाई महिला तथा आर्थिक रूपमा विपन्न र सामाजिक रूपमा सीमान्तकृत समुदायको आर्थिक तथा सामाजिक सशक्तिकरणमा जोड दिन निर्देशित गर्ने। | • उप-महानगरपालिकाको सहयोग, समन्वय र सहजीकरणमा सञ्चालन हुने विकास कार्यक्रमहरूलाई स्वीकृति गर्दा लक्षित वर्गको आर्थिक तथा सामाजिक सशक्तिकरणमा केन्द्रित भए नभएको बारे लेखाजोखा गरि सशर्त स्वीकृत गर्ने।<br>• स्वीकृत कार्यक्रमहरू लैससासको सिन्द्धातअनुसार सञ्चालन भए नभएको बारे अनुगमन ढाँचा बनाई कडाईका साथ अनुगमन गर्ने। |
| १.३.२ उप-महानगरपालिका भित्रका सार्वजनिक, निजी तथा गैरसरकारी लगायतका सबै क्षेत्रको रोजगारी तथा अन्य अवसरहरूमा सकारात्मक कार्यनीति (Affirmative Action Policy) लागू गर्ने। | • सबै क्षेत्रमा लागू हुने गरि सकारात्मक कार्यनीति तयार पारी सबै सरोकारवालाहरूलाई जिम्मेवार बनाई पालना गर्ने गराउने<br>• सकारात्मक कार्यनीतिको कार्यान्वयन स्थितिबारे नियमित रूपमा अनुगमन र समिक्षा गर्ने। |
| १.३.३ उप–महानगरपालिका भित्र सबै सरोकारवालाहरूलाई लैससास रणनीति र कार्ययोजना निर्माण गर्न निर्देशित र सहजीकरण गर्ने । | • लैससास नीति तथा रणनीतिको आवश्यकता बारे सरोकारवाला सबैलाई स्पष्ट हुने गरी बोध गराउने।<br>• सबै सरोकारवालाहरूलाई आ-आफ्नो लैससास रणनीति तथा कार्ययोजना बनाउन सहजीकरण गरि सो को पालना बारे अनुगमन गर्ने गराउने। |
| **नीति २.१ संग सम्बन्धित** | |
| २.१.१ मानवअधिकार सम्बन्धी | • उप-महानगरपालिकाका सम्पूर्ण निर्वाचित |

| | | |
|---|---|---|
| | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून तथा दस्तावेजहरूद्वारा प्रत्याभूत गरिएका लैससास सम्बन्धी प्रावधानहरू बारे सचेत गराउने। | जनप्रतिनिधि, कर्मचारी लगायतका सेवा प्रदायकहरूलाई लक्षित गरि संविधान लगायत विभिन्न कानून र महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने सम्बन्धी महासन्धि (CEDAW), बेइजिङ्ग कार्ययोजना (BPfA), दिगो विकास लक्ष (SDG) लगायत नेपालले अनुमोदन गरेका महासन्धिहरूका मुख्य मुख्य प्रावधानहरू बारे जानकारीमूलक पुस्तिका तयार गरि आवधिक रूपमा प्रशिक्षण सञ्चालन गर्ने।<br>• उप-महानगरपालिकामा ती प्रावधानहरू अनुसार सरोकारवालाहरूले कर्तव्य र दायित्व निर्वाह गरे नगरेको बारे अनुगमन गर्ने गराउने। |
| २.१.२ | उप-महानगरपालिकामा लैससासको दृष्टिकोण र व्यवहार विकास गर्ने हेतुले लैससास शिक्षालाई प्रोत्साहन गर्ने। | • उप-महानगरपालिका र अन्तर्गत कार्यरत सबै पदाधिकारी र जनशक्तिलाई लक्षित गरि लैससास सम्बन्धी तालिम तथा अभिमूखीकरण कार्यक्रमहरू निरन्तर रूपमा सञ्चालन गर्ने।<br>• कार्यालयमा सबै सरोकारवालाहरूलाई लक्षित गरि लैससास मैत्री बोली व्यवहार प्रदर्शन गर्न आचारसंहिता बनाई सो को पालनामा जोड दिने। |
| २.१.३ | उप-महानगरपालिकाको सेवा प्रवाह संयन्त्र तथा प्रक्रिया लैससास उत्तरदायी बनाउने। | • उप-महानगरपालिका अन्तर्गत निर्माण हुने भौतिक पूर्वाधारहरू लैङ्गिक मैत्री, बालबालिका मैत्री, ज्येष्ठ नागरिक मैत्री तथा अपाङ्गता मैत्री बनाउन मापदण्ड बनाई लागू गर्ने।<br>• महिला तथा आर्थिक रूपमा विपन्न र सामाजिक रूपमा सीमान्तकृत समुदायलाई |

| | |
|---|---|
| | सहज हुने गरि कार्यालयमा सहायता कक्ष (Help Desk) को व्यवस्था गर्ने।<br>• ज्येष्ठ नागरिकलाई लाभान्वीत समूहका रुपमा मात्र नहेरी अनुभवी जनशक्ति तथा स्रोतको रूपमा व्यवहार गरि सो समुदायको रोष्टर खडा गर्नुका साथै युवा जनशक्तिलाई उर्जाशील समूहको रूपमा हेरि ती समुदायहरूबाट योगदान पुग्न सक्ने सम्भावित विषयको पहिचान गर्ने।<br>• विपन्न समुदाय विशेषगरि ज्येष्ठ नागरिक, अपाङ्गता भएका र एच. आई. भी./एड्स सङक्रमित लगायतलाई नि:शुल्क स्वास्थ्य सेवाको व्यवस्था गर्ने। |
| २.१.४ उप–महानगरपालिका र वडा कार्यालयहरू अन्तर्गत सञ्चालन हुने स्थानीय स्तरका सबै योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन प्रक्रियामा जनसंख्याका आधारमा सबै लिङ्ग, वर्ग, समुदाय, जातजाती, धर्म, सम्प्रदायको समानुपातिक सहभागिता सुनिश्चित गर्ने। | • उप-महानगरपालिकाको कार्यक्रम वितरण तथा श्रोत विनियोजनलाई सामाजिक न्याय र लैङ्गिकताका दृष्टिले न्यायोचित बनाउने।<br>• उप-महानगरपालिकाका सबै योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन प्रक्रियाका साथै गठन हुने समिति संयन्त्रहरूमा जनसंख्याका आधारमा सबै लिङ्ग, वर्ग, समुदाय, जातजाती, धर्म, सम्प्रदाय लगायत अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यकको समानुपातिक सहभागिताका साथै ५० प्रतिशत महिलाको सहभागितामा जोड दिने। |
| **नीति २.२ संग सम्बन्धित** | |
| २.२.१ उप–महानगरपालिकामा लैससास व्यवस्थापन | • लैङ्गिक खण्डीकृत तथ्याङ्कलाई एकरूपता दिई व्यवस्थापन गर्न सफ्टवेयर निर्माण |

| | |
|---|---|
| तथा सूचना प्रणालीको विकास गर्ने। | गर्ने।<br>• उप-महानगरपालिकाको सामाजिक विकास महाशाखा अन्तर्गत महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखालाई लैङ्गिक खण्डीकृत तथ्याङ्क तथा सूचना संकलन तथा सम्प्रेषणका लागि जिम्मेवार एकाईको रूपमा क्षमता विकास गर्ने। |
| २.२.२ उप-महानगरपालिकाका सबै नीति, कानून तथा कार्यविधिहरूलाई लैससासको दृष्टिले विश्लेषण गर्ने परिपाटि कायम गर्ने। | • स्वीकृत नीति कानून सम्बन्धी दस्तावेजहरूलाई लैससास दृष्टिले विश्लेषण गरि पुनरावलोकन गर्ने ।<br>• नयाँ बन्ने दस्तावेजहरूलाई लैससास नीति अनुकूल बनाउने। |
| **नीति २.३ संग सम्बन्धित** | |
| २.३.१ उप–महानगरपालिका अन्तर्गत सामाजिक विकास महाशाखा र अन्तर्गत महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखालाई लैससास सम्पर्क बिन्दूको रूपमा क्षमता विकास गर्ने। | • सामाजिक विकास महाशाखा, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखालाई लैससास सम्बन्धी कार्य गर्न सक्ने गरि आवश्यक जनशक्ति, प्रविधि, श्रोत सामग्री र प्रशिक्षण सहित क्षमता बृद्धि गर्ने।<br>• शाखा/महाशाखाको रेखदेखमा उप-महानगरपालिका अन्तर्गतका अन्य निकाय, विषयगत कार्यालय एवं नागरिक समाजका संस्थाहरूमा सालवसाली लैङ्गिक विश्लेषण एवं लैङ्गिक परीक्षण गर्ने गराउने। |
| नीति ३.१ संग सम्बन्धित | |
| ३.१.१ महिला तथा आर्थिक रूपमा विपन्न र सामाजिक रूपमा सीमान्तकृत समुदायका | • उप-महानगरपालिकाको अगुवाईमा 'श्रमको सम्मान धरानको अभियान' सञ्चालन गरि रोजगार सूचना केन्द्रहरू सञ्चालन गर्ने।<br>• उप-महानगरपालिकामा रोजगार |

| | |
|---|---|
| निम्ति लक्षित गरि आय आर्जन तथा रोजगारीका अवसरहरू सिर्जना गर्ने। | /स्वरोजगारका संभावित क्षेत्रहरू र सरोकारवाला शिक्षण/प्रशिक्षण प्रदान गर्ने संस्थाहरू बारे विस्तृत अध्ययन विश्लेषण गर्ने। |
| ३.१.२ महिला तथा आर्थिक रूपमा विपन्न र सामाजिक रूपमा सीमान्तकृत समुदाय लक्षित विज्ञान, प्रविधि लगायतका व्यवसायिक शिक्षा तथा सीप विकासमा जोड दिइने छ। | • उप-महानगरपालिका क्षेत्रमा उपलब्ध इञ्जिनीयरिङ्ग, मेडिकल, फुक एण्ड टेक्नोलोजी लगायतका आधुनिक र उच्च शिक्षामा आर्थिक रूपमा विपन्न र सामाजिक रूपमा सीमान्तकृत समुदाय लगायत महिलाका लागि अनिवार्य कोटाको व्यवस्था गर्ने।<br>• विज्ञान, प्रविधि लगायतका व्यवसायिक शिक्षा र सीप आर्जन गर्न चाहने आर्थिक रूपमा विपन्न र सामाजिक रूपमा सीमान्तकृत समुदायका विशेषगरि जेहेन्दार किशोरी र महिलाका लागि छात्रवृत्तिको व्यवस्था गर्ने। |
| **नीति ३.२ संग सम्बन्धित** | |
| ३.२.१ परिवार देखि नै आय आर्जन तथा रोजगारीको क्षेत्रमा महिलाको सहभागिता अभिबृद्धि गर्न विद्यमान लैङ्गिक भूमिका परिवर्तनमा जोड दिने। | • घरेलु कामकाज, हेरचाह कार्य र अभिभावकीय भूमिकामा महिला र पुरूषको समान दायित्व सिर्जना गर्न समुदायमा लैङ्गिक रूपान्तरण (Gender transfermation) सम्बन्धी तालिमलाई सघन रूपमा सञ्चालन गर्ने।<br>• लैङ्गिक रूपान्तरण सम्बन्धी शिक्षालाई विद्यालय पाठ्यक्रममा समावेश गर्ने।<br>• घरेलु कामकाज र हेरचाह कार्यमा महिलाको समय बचत हुने र परिश्रम कम लगाए पुग्ने नवीनतम उपकरणहरूको प्रयोगलाई प्रोत्साहन गर्ने। |

| | |
|---|---|
| ३.२.२ आय आर्जन तथा रोजगारीमा अवसरहरूमा महिला तथा आर्थिक रूपमा विपन्न र सामाजिक रूपमा सीमान्तकृत समुदायको सहज पहुँच दिलाउन वित्तिय साक्षरता र डिजिटल साक्षरतालाई ध्यान दिने। | • उप-महानगरपालिका क्षेत्रमा कार्यरत सहकारी, सामाजिक संघ संस्थाहरूका माध्यमबाट महिला तथा आर्थिक रूपमा विपन्न र सामाजिक रूपमा सीमान्तकृत समुदाय लक्षित वित्तिय साक्षरता सम्बन्धी तालीम/प्रशिक्षणहरू सञ्चालन गर्ने।<br>• उप-महानगरपालिका क्षेत्रमा कार्यरत प्राविधिक शिक्षण संस्थाहरूको सहयोगमा महिला तथा आर्थिक रूपमा विपन्न र सामाजिक रूपमा सीमान्तकृत समुदायको रोजगार/स्वरोजगार लक्षित डिजिटल साक्षरतालाई प्रवर्द्धन गर्ने। |
| **नीति ३.३ संग सम्बन्धित ३.३** | |
| ३.३.१ महिला तथा आर्थिक रूपमा विपन्न र सामाजिक रूपमा सीमान्तकृत समुदायको शिक्षा, सीप, रोजगारी प्रदान गर्ने उद्योगी व्यवसायीलाई प्रोत्साहन गर्ने। | • उप-महानगरपालिका क्षेत्रमा महिला तथा आर्थिक रूपमा विपन्न र सामाजिक रूपमा सीमान्तकृत समुदायलाई रोजगारीको अवसर सिर्जना गर्ने उद्योग व्यवसायलाई लाग्ने कर दस्तुरमा छुट दिने।<br>• उप-महानगरपालिका क्षेत्रमा महिला तथा आर्थिक रूपमा विपन्न र सामाजिक रूपमा सीमान्तकृत समुदायलाई रोजगार/स्वरोजगारलाई प्रवद्धर्न गर्ने शिक्षा, सीप प्रदान गर्ने प्रशिक्षण केन्द्रहरूलाई अनुदानको व्यवस्था गर्ने |
| ३.३.२ महिला तथा आर्थिक रूपमा विपन्न र सामाजिक रूपमा सीमान्तकृत समुदायका कामदारहरूको | • उप-महानगरपालिकाले महिला तथा आर्थिक रूपविपन्न र सामाजिक रूपमा सीमान्तकृत समुदायका कामदारहरूको स्वास्थ्य हेरचाहका लागि सम्बन्धित स्वास्थ्य संस्थाहरू मार्फत कार्यक्रमहरू सञ्चालन |

| | |
|---|---|
| स्वास्थ्य लगायत क्षमता विकासलाई सर्वोपरि राखी उनीहरूको हित (well-being) लाई ध्यान दिने। | गर्ने।<br>• उप-महानगरपालिकाले महिला तथा आर्थिक रूपमा विपन्न र सामाजिक रूपमा सीमान्तकृत समुदायका कामदारहरूलाई लक्षित गरि सामाजिक सुरक्षाका नमुना कार्यक्रमहरू लागू गर्ने।<br>• उप-महानगरपालिकाले रोजगार नीति तर्जुमा गरि समान कामको समान ज्याल र न्यूनतम पारिश्रमिको मापदण्ड लागू गर्नुका साथै उप-महानगरपालिका क्षेत्रमा सो को अनुगमन गर्ने। |
| ३.३.३ उप–महानगरपालिका क्षेबका वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरूको हितलाई ध्यान दिने। | • वैदेशिक रोजगारमा विभिन्न मुलुकमा पुगी दुख पाएका धरान उप-महानगरपालिका नागरिकहरूको उद्धारका लागि संघीय मन्त्रालयसँग पहल गर्ने।<br>• वैदेशिक रोजगारबाट फर्केका कामदारहरूको ज्ञान सीप र आयलाई स्थानीय परिवेशमा सदुपयोग गर्न वैदेशिक रोजगार बोर्डसँगको सहकार्य गरि विभिन्न आयमूलक कार्यक्रमहरू लागू गर्ने।<br>• वैदेशिक रोजगारका नाममा हुने ठगी र मानव तस्करी नियन्त्रणका लागि निरोध तथा रोकथामका कार्यक्रमहरू सञ्चालन गर्ने। |
| **नीति ४.१ संग सम्बन्धित** | |
| ४.१.१ उप–महानगरपालिका क्षेत्रमा लैङ्गिकता र जातियताका कारण समाजमा प्रचलित सबै प्रकारका भेदभावजन्य | • लक्षित समुदायमा सामाजिक परिचालन मार्फत लैङ्गिक तथा जातिय विभेद लगायत हिंसा र हानिकारक परम्पराका साथै आपतकालीन अवस्थामा बृद्धि हुन सक्ने यौन तथा लैङ्गिक हिंसा विरूद्ध सचेतना |

| | | |
|---|---|---|
| | बोलीचाली, व्यवहार तथा हानीकारक परम्परा विरूद्ध लक्षित समुदायका महिला तथा पुरूषहरूमा आत्मबोध र सशक्तिकरणका माध्यम अपनाई सुसंस्कृत समाज निर्माण गर्ने। | कार्यक्रम सघन रूपमा संचालन गर्ने ।<br>• लैङ्गिक तथा जातिय विभेद लगायत हिंसा र हानिकारक परम्परा अन्त्यका लागि परिवारमा पति-पत्नि, सासु-बुहारी समविकास तालिमहरूलाई व्यापकता दिने। |
| ४.१.२ | उप–महानगरपालिका क्षेत्रमा लैङ्गिक तथा सामाजिक विभेद अन्त्यका लागि कानूनी शिक्षा कार्यक्रम सञ्चालन गर्ने। | • सामाजिक तथा समुदायमा आधारित संघ संस्था, महिला सहकारी मार्फत लक्षित समूहमा कानूनी शिक्षा सघन रूपमा सञ्चालन गर्ने।<br>• लैङ्गिक तथा सामाजिक विभेद र हिंसाबाट पर्ने स्वास्थ्य दुष्परिणाम, आर्थिक तथा सामाजिक मूल्य बारे संघ संस्था, महिला सहकारी मार्फत समुदाय र घरपरिवारलाई व्यापक रूपमा सचेतना फैलाउने। |
| **नीति ४.२ संग सम्बन्धित** | | |
| ४.२.१ | उप–महानगरपालिका क्षेत्रमा लैङ्गिक विभेद र हिंसा विरूद्ध शून्य सहनशीलताको नीति कार्यान्वयन गर्ने। | • उप-महानगरपालिकाको अग्रसरतामा स्थानीय तह अन्तरगतका सबै सरकारी कार्यालय र सामुदायिक विद्यालयहरूमाल सबै प्रकारका विभेद र हिंसा विरूद्ध शून्य सहनशीलताको नीति प्रतिपादन लागू गराउने।<br>• उप-महानगरपालिका अन्तर्गतका सबै कार्यस्थल, सार्वजनिक स्थल, सार्वजनिक यातायातमा महिला तथा बालिका विरूद्ध हुने यौन शोषण तथा दुर्व्यवहार रोकथामका लागि तालीम सञ्चालन गर्नुका साथै |

| | |
|---|---|
| | आचारसंहिता निर्माण गरि पालना गर्न लगाउने। |
| ४.२.२ उप–महानगरपालिका क्षेत्रमा लैङ्गिक विभेद र हिंसा रोकथामका लागि निरोधात्मक उपायहरू अपनाउने। | • सबै प्रकारका लैङ्गिक हिंसा विरूद्ध समुदाय, प्रहरी लगायत कानून कार्यान्वयन निकायहरूको निगरानीलाई प्रभावकारी बनाउने।<br>• वडाका वस्ती तथा टोलहरूमा हिंसा नियन्त्रणका लागि महिला, पुरूष, र किशोरकिशोरीहरू संलग्न निगरानी समूहहरूको गठन र परिचालन गर्ने। |
| ४.२.३ उप–महानगरपालिका क्षेत्रमा लैङ्गिक हिंसा निवारणमा सक्रिय भूमिका निर्वाह गर्ने निकाय र संस्थाको पहिचान गरि उनीहरूको कामलाई प्रोत्साहन गर्ने। | • आपतकालीन अवस्थामा लगायत लैङ्गिक हिंसा तथा हानीकारक परम्पराको निवारणमा क्रियाशील निकाय, संस्था, समूह र व्यक्तिको लगत अद्यावधिक राखे।<br>• लैङ्गिक हिंसा निवारण तथा नियन्त्रणमा उदाहरणीय कार्य गर्ने निकाय, संस्था, समुह र व्यक्तिलाई सम्मान र पुरस्कृत गर्ने। |
| **नीति ४.३ संग सम्बन्धित** | |
| ४.३.१ उप–महानगरपालिकाका सबै वडाहरूमा लैङ्गिक हिंसा तथा हानीकारक परम्पराबाट पीडित/प्रभावित व्यक्तिहरूको संरक्षण तथा न्यायमा पहुँचका लागि सहयोगी प्रणालीको विकास गर्ने। | • उप-महानगरपालिकाको न्यायिक समितिको संयोजनमा लैङ्गिक हिंसा निवारणमा क्रियाशील निकाय तथा संस्थाहरूको प्रेषण सञ्जाल निर्माण गर्ने।<br>• लैङ्गिक हिंसा तथा हानीकारक परम्पराबाट पीडित/प्रभावित व्यक्तिहरूको संरक्षणका लागि आवासीय हेरचाह, मनोविमर्श, स्वास्थ्य उपचार, कानूनी सहायता लगायतका अत्यावश्यक सेवा प्रवाह र प्रेषण प्रणालीबारे संक्षिप्त कार्यविधि तयार पार्ने।<br>• प्रेषण सञ्जालमा आवद्ध रहने निकाय तथा |

| | |
|---|---|
| | संघ संस्थाको काम कर्तव्य र दायित्व बारे सम्बन्धित सरोकारवालालाई जानकारी गराउने। |
| ४.३.२ उप–महानगरपालिका क्षेत्रमा लैङ्गिक हिंसा तथा हानीकारक परम्परा पीडित/प्रभावित व्यक्तिहरूको आर्थिक सामाजिक सशक्तिकरण गरि पुनःएकीकरण गर्ने। | • उप-महानगरपालिका अन्तर्गत स्थापित लैङ्गिक हिंसा निवारण कोष सञ्चालन मापदण्ड तायर पार्ने।<br>• लैङ्गिक हिंसा तथा हानीकारक परम्पराबाट पीडित/प्रभावित महिला तथा बालबालिकाको संरक्षण र आवासीय हेरचाहका लागि गैरसरकारी संस्थाहरूसंगको साझेदारितामा अल्पकालीन सुरक्षा गृह सञ्चालन गर्ने।<br>• आवासीय हेरचाह सम्बन्धी न्यूनतम मापदण्ड बनाई तदनुरूप कार्यान्वयन गर्ने गराउने।<br>• लैङ्गिक हिंसा तथा हानीकारक परम्पराबाट पीडित/प्रभावित व्यक्तिहरूको सामाजिक पुनःएकीकरण र पुनरलाभका लागि सार्वजनिक क्षेत्र, निजी क्षेत्र र गैरसरकारी संघ संस्थाको साझेदारिता र सहकार्यमा शिक्षा, सीप, रोजगारी र आर्यआर्जनका कार्यक्रमहरू सञ्चालन गर्ने गराउने। |

# १२. संस्थागत संरचना

धरान उप-महानगरपालिकाले नीति तथा कार्ययोजनाको प्रभावकारी कार्यान्वयन, अनुगमन, समीक्षा तथा आवश्यकता अनुसार परिमार्जनका लागि निम्न अनुसार संरचना निर्माण गर्नेछ:

**उप–उपमहानगरपालिका**

- उप-उपमहानगरपालिकाका प्रमुखको संयोजकत्वमा सल्लाहकार समिति
- उप-उपमहानगरपालिकाका उप-प्रमुखको संयोजकत्वमा लैससास नीति कार्यान्वयन तथा निर्देशन समिति गठन
- सामाजिक विकास महाशाखा अन्तर्गत महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखालाई सम्पर्क बिन्दूको जिम्मेवारी सहित नीति कार्यान्वयन कार्यदल
- योजना शाखा अन्तर्गत अनुगमन तथा मूल्याङ्कन कार्यदल

**वडा स्तर**

- वडा अध्यक्षको अध्यक्षतामा वडा स्तरीय लैससास नीति कार्यान्वयन वडा समिति
- महिला वडा सदस्यको संयोजकत्वमा वडा स्तरीय अनुगमन तथा परामर्श कार्यदल

**समुदाय स्तर**

- टोल विकास संस्था
- महिला निगरानी समूह
- बाल क्लब/सञ्जाल
- युवा क्लब
- किशोरी समूह
- धर्मगुरु सञ्जाल
- विद्यालय परिवार
- ज्येष्ठ नागरिकका संस्था/संजालहरु
- अपाङ्गता समिति र संस्थाहरु
- दलित, आदिवासी जनजाती, लोपन्मूख, पीछडा वर्ग, लैङ्गिक तथा यौनिक अल्पसंख्यक सम्बन्धी संस्थाहरु
- महिला सहकारी संस्थाहरु
- उपभोक्ता समितिहरु

## १३. समन्वय तथा सहकार्य

यो नीति कार्यान्वयनका लागि धरान उप–महानगरपालिकाले सरोकारवाला हरूसँग देहाय अनुसार समन्वय र सहकार्य गर्नेछः

- उप–महानगरपालिका क्षेत्रका जोखिम समुदायका व्यक्ति तथा समूहहरू विशेषगरि महिला, दलित, आदिवासी, उत्पीडित वर्ग, पीछडा वर्ग, अल्पसंख्यक, सिमान्तीकृत, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्संख्यक, अपाङ्गता भएका व्यक्ति, आर्थिक रूपले विपन्न वर्ग, आप्रवासी कामदार लगायत वञ्चितीकरणमा परेका र जोखिममा रहेका वर्ग तथा समुदायका अगुवा तथा प्रतिनिधि मूलक संस्थाहरू, जिल्लामा कार्यरत विषयगत कार्यालयहरू, कानून कार्यान्वयन निकाय तथा संयन्त्रहरू, राजनीतिक दल, स्थानीय स्तरमा रहेका प्रहरी, स्वास्थ्य, विद्यालय, धर्मगुरू, नागरिक समाज लगायत संघीय सरकार, प्रदेश सरकार, विकास साझेदार लगायत विभिन्न समुदायसँग समन्वय गर्ने।
- उप–महानगरपालिकाभित्र आर्थिक अवस्था कमजोर भएका समुदायहरू विशेष गरि महिलाहरू तथा अन्य सिमान्तीकृत वर्गको आर्थिक अवस्थाको सुधारको सम्भावित अवसर तथा पहुँच वृद्धि गर्नको लागि स्थानीय तथा राष्ट्रिय स्तरमा कार्यरत विभिन्न सरकारी निकाय, विकास साझेदारहरू, निजी क्षेत्रसँग सहकार्य तथा समन्वय गर्ने।

## १४. अनुगमन तथा मूल्याङ्कन

यो नीतिको कार्यान्वयनको सिलसिलामा उप–महानगरपालिकाले देहाय अनुसारको व्यवस्था गर्नेछः

- स्थानीय सरकारको अनुगमन निर्देशिका बमोजिम लैससासका लागि सञ्चालित सम्पूर्ण कार्यक्रमहरूको अनुगमन गर्न दिगो विकास लक्ष्यमा आधारित एकिकृत ढाँचा बनाउने ।
- परिणाममा आधारित व्यवस्थापन प्रणालीलाई आधार बनाई अनुगमनका ढाँचा निर्माण गरि आवश्यक जनशक्ति सहित अनुगमनको सुनिश्चतता गर्ने।
- उप-महानगरपालिकामा कार्यरत विभिन्न सरोकारवाला संघसंस्थाहरूको प्रतिनिधित्वमा लैससास कार्यान्वयन, खण्डीकृत तथ्याङ्क व्यवस्थापन र अनुगमन तथा मूल्याङ्कन संयन्त्रको स्थापना गर्ने ।
- उप–महानगरपालिका र वडा कार्यालयहरू सहित कार्यान्वयन गर्न सहयोगी सरोकारवालाहरूलाई लैससास उत्तरदायी अनुगमन तथा सूचक समेतको लजिकल फ्रेमवर्क बनाई प्रशिक्षण दिने ।
- यस नीतिको कार्यान्वयनमा सहयोगी भूमिकामा रहने निकाय तथा संघसंस्थाहरूलाई प्रशिक्षण दिई एउटै टेम्प्लेटमा प्रतिवेदन तयार पारी पेश गर्ने प्रणाली स्थापना गर्ने।
- समय समयमा लैससास नीति कार्यान्वयन स्थिति बारे अनुगमन तथा मूल्याङ्कन गरि सुधार गर्नु पर्ने विषयहरू बारे सरोकारवालाहरूलाई सुसूचित गर्ने।
- नीतिको कार्यान्वयन र प्रभावकारिता बारे स्वतन्त्र परामर्शदाताहरू बाट मूल्याङ्कन गरि प्राप्त सुझाव अनुसार सुधार गर्ने।
- उप–महानगरपालिकाका अन्तर्गत भएका समग्र प्रयासहरू बारे लैससास उत्तरदायी अनुगमनका लागि एकिकृत प्रतिवेदन तयार पार्ने।

## १५. जोखिम तथा न्यूनीकरण

प्रस्तुत लैससास नीतिको प्रकृति र स्वरूप बृहद भएको र साझा सरोकारको विषय भएकोले यसको प्रभावकारी कार्यान्वयनमा विभिन्न प्रकारका अवरोध आउन सक्छन। प्रमुख जोखिमहरू निम्न अनुसार छन्ः

- लैससासको अवधारणा बारे साझा बुझाईमा एकरूपता नहुने हुनाले नीति कार्यान्वयनमा असहयोग र प्रतिरोध हुन सक्ने ।
- समाजमा अझै पनि पितृसत्ता र सामन्तवादी सोच हावी रहेको सन्दर्भमा यस नीति कार्यान्वयन प्राथमिकता नपर्न सक्छ ।
- यो नीति बहुपक्षीय सरोकारको विषय भएकोले समन्वय र सहयोगको कमी भएमा यसको कार्यान्वयन अपेक्षाकृत प्रभावकारी नहुन सक्छ।
- यो नीतिको कार्यान्वयनमा संस्थागत क्षमता, जनशक्ति र श्रोत साधनको परिचालनका लागि आवश्यक आन्तरिक तथा बाह्य श्रोत विनियोजनमा लैससास संवेदनशीलताको अभावका कारण प्राथमिकता नपाउन सक्छ।

उपर्युक्त जोखिम न्यूनीकरणका लागि उप–महानगरपालिकाले देहाय अनुसार व्यवस्था मिलाउने छ।

- यो नीतिको सफल कार्यान्वयनका लागि सबै सरोकारवाला सरकारी निकाय, संघसंस्था, विकास साझेदारहरू र निजी क्षेत्रबीच साझा अवधारणा, सहमति, प्रतिवद्धता, सहयोग र समन्वयका लागि बृहत् छलफल गर्ने।
- आचार संहिता तथा मापदण्डहरू छिटो भन्दा छिटो तयार गरि नीति बारे सम्बन्धित सबैलाई अभिमुखीकरण गर्ने।
- उप–महानगरपालिका र वडा कार्यलयहरूमा लैससासका सवालहरू बारे ज्ञान दक्षता सहितको जनशक्ति निर्माणमा विशेष जोड दिने।

- संघीय सरकार, प्रदेश सरकार र विकास साझेदारहरूसँग समन्वय गरि श्रोत साधनको परिचालन गर्ने।
- उप–महानगरपालिकामा लैससास बारे विज्ञ र व्यावसायिक दक्षता भएका व्यक्तिहरूको निरन्तर भेला, बैठक र छलफल गराई राय परामर्श लिने र समस्या समाधान गर्ने।

## १६. नीति कार्यान्वयन समिति

उप–महानगरपालिकामा लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयन तथा निर्देशन समिति अन्तर्गत देहायका सदस्यहरू रहने छन्ः

क) नगर प्रमुख

ख) नगर उप–प्रमुख

ग) प्रमुख प्रशासकीय अधिकृत

घ) संयोजक, सामाजिक विकास समिति

ङ) सामुदायीक संघसस्था मध्येवाट कम्तीमा दुई महिला सहित चार जना सदस्य

च) प्रमुख, सामाजिक विकास महाशाखा

उप–महानगरपालिकाले लैङ्गिक तथा सामाजिक समावेशीकरण नीतिको कार्यान्वयनको प्रभावकारीता, उपयुक्तता र उपादेयताको मूल्याङ्कन गरि प्रत्येक पाँच वर्षमा नीतिमा पुनरावलोकन गरि परिमार्जन एवं सुधार गर्ने छ।

# १७. नीति कार्यान्वयन कार्ययोजना

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | कार्यान्वयन गर्ने निकाय | सहयोग | समय सीमा |
|---|---|---|---|---|
| | | | | |
| १ | लैससास नीतिको मस्यौदालाई अन्तिम रूप दिई पारित गर्ने। | • सामाजिक विकास महाशाखा, उप-महानगरपालिकाको कार्यालय | • नगरकार्यपालिका | आगामी बैठक |
| २ | लैससास नीतिका मुख्य मुख्य बुँदाहरूबारे सरोकारवाला सबैलाई वितरण गरी जानकारी गराउने। | | | नीति पारित भएको मितिले १ महिना भित्र |
| ३ | नीति कार्यान्वयन र अनुगमनका लागि समिति/संरचनाहरू निर्माण गर्ने। | | | ३ महिना<br>१ बर्ष |
| ४ | लैससासको विद्यमान अवस्था र अवरोध बारे विश्लेषण सहितको सामाजिक नक्साङ्कन **(Social Mapping)** सम्बन्धी अध्ययन प्रतिवेदन तयार पार्नै। | • सामाजिक विकास महाशाखा, उप-महानगरपालिकाको कार्यालय | • सामाजिक संस्थाहरू | १ वर्ष |
| ५ | अन्तर्राष्ट्रिय महासन्धिहरू तथा नेपालको कानूनले | | | ६ महिना |

| | | | | |
|---|---|---|---|---|
| | सुनिश्चित गरेका सामाजिक, आर्थिक, राजनीतिक तथा नागरिक अधिकार बारे हाते पुस्तिका तयार पार्ने। | | | |
| ६ | संविधान, कानून, CEDAW, (BPfA), दिगो विकास लक्ष लगायतका दस्तावेजहरूद्वारा प्रतिपादित मुख्य मुख्य प्रावधानहरू बारे जानकारीमूलक पुस्तिका तयार पार्ने। | | | |
| ७ | उप-महानगरपालिकाका सबै पदाधिकारी तथा कर्मचारीलाई लैससासको सिद्धान्त, बहुविभेद र अन्तरपक्षीयता (inter-sectionality) बारे अभिमूखीकरण गर्ने। | | | |
| ८ | लैससासको सिन्द्धात र मापदण्ड सहितको अनुगमनको ढाँचा निर्माण गरि उप-महानगरपालिकाका सरोकारवाला पदाधिकारी तथा कर्मचारीलाई अभिमूखीकरण गर्ने। | | | |
| ९ | सकारात्मक कार्यनीति तयार पालना गर्ने गराउने। | | • विषयगत | १ वर्ष |

| | | | | |
|---|---|---|---|---|
| १० | उप-महानगरपालिका सबै सरोकारवाला संघसंस्थाहरूलाई लैससास रणनीति तथा कार्ययोजना बनाउन र पालना गर्न लगाउने। | | शाखा/महाशाखा, <br>• सामाजिक संस्थाहरू <br>• शिक्षण संस्थाहरू | |
| ११ | लैससास मैत्री बोली व्यवहार सम्बन्धी आचारसंहिता तयार पारी पालना गर्ने गराउने। | | | ६ महिना |
| १२ | लैङ्गिक मैत्री, बालबालिका मैत्री, ज्येष्ठ नागरिक मैत्री तथा अपाङ्गता मैत्री बनाउन मापदण्ड बनाई लागू गर्ने। | | | |
| १३ | उप-महानगरपालिकामा महिला तथा आर्थिक रूपमा विपन्न र सामाजिक रूपमा सीमान्तकृत समुदायलाई सहज हुने गरि सहायता कक्ष **(Help Desk)** को व्यवस्था गर्ने। | | • विषयगत शाखा/महाशाखा | |
| १४ | ज्येष्ठ नागरिक युवापुस्ता लगायत अनुभवी जनशक्तिको रोष्टर तयार पार्ने। | | • सामाजिक संस्थाहरू <br>• शिक्षण संस्थाहरू | १ वर्ष |
| १५ | ज्येष्ठ नागरिक, अपाङ्गता भएका र एच. आई. भी./एड्स सङक्रमित लगायतलाई नि:शुल्क | • वि. पी. मेमोरियल स्वास्थ्य विज्ञान प्रतिष्ठान | • महानगरपालिकाको कार्यालय | २ वर्ष |

| | | | | |
|---|---|---|---|---|
| | स्वास्थ्य सेवाको व्यवस्था गर्ने। | • उप-महानगरपालिका भित्रका स्थास्थ्य संस्थाहरू | | |
| १६ | लैङ्गिक खण्डीकृत तथ्याङ्क व्यवस्थापनका लागि सफ्टवेयर निर्माण गर्ने। | • सामाजिक विकास महाशाखा, उप-महानगरपालिकाको कार्यालय | • विषयगत शाखा/महाशाखा,<br>• सामाजिक संस्थाहरू | १ वर्ष |
| १७ | सडक मानव मुक्त बनाउने | | | |
| १८ | 'श्रमको सम्मान धरानको अभियान' लाई सफल पार्न रोजगार सूचना केन्द्रहरू सञ्चालन गर्ने। | • महानगरपालिकाको कार्यालय | | |
| १९ | उप-महानगरपालिकामा रोजगार /स्वरोजगारका संभावित क्षेत्रहरू र सरोकारवाला शिक्षण/प्रशिक्षण प्रदान गर्ने संस्थाहरू बारे विस्तृत अध्ययन विश्लेषण गर्ने। | • सामाजिक विकास महाशाखा<br>• उप-महानगरपालिकाको कार्यालय | • शिक्षण संस्थाहरू<br>• तालीम केन्द्रहरू<br>• निजी क्षेत्र | |
| २० | उप-महानगरपालिका क्षेत्रमा उपलब्ध इञ्जिनीयरिङ्ग, मेडिकल, फुड एण्ड टेक्नोलोजी लगायतका आधुनिक र उच्च शिक्षामा आर्थिक रूपमा विपन्न र सामाजिक रूपमा सीमान्तकृत | • शिक्षण संस्थाहरू<br>• तालीम केन्द्रहरू | • महानगरपालिकाको कार्यालय | २ वर्ष |

| | | | | |
|---|---|---|---|---|
| | समुदाय लगायत महिलाका लागि अनिवार्य कोटाको व्यवस्था गर्ने। | | | |
| २१ | विज्ञान, प्रविधि लगायतका व्यवसायिक शिक्षा र सीप आर्जन गर्न चाहने आर्थिक रूपमा विपन्न र सामाजिक रूपमा सीमान्तकृत समुदायका विशेषगरि जेहेन्दार किशोरी र महिलाका लागि छात्रवृत्तिको व्यवस्था गर्ने। | | | |
| २२ | समुदायमा लैङ्गिक रूपान्तरण **(Gender transformation)** सम्बन्धी तालिम सञ्चालन गर्न पाठ्यक्रमको व्यवस्था गरि प्रशिक्षणद्वारा प्रशिक्षकहरू तयार पार्ने। | • सामाजिक विकास महाशाखा, उप-महानगरपालिकाको कार्यालय | • शिक्षण संस्थाहरू<br>• तालीम केन्द्रहरू | |
| २२ | लैङ्गिक रूपान्तरण सम्बन्धी शिक्षालाई विद्यालय पाठ्यक्रममा समावेश गर्ने। | • शिक्षा शाखा | • शिक्षण संस्थाहरू | |
| २४ | महिला तथा आर्थिक रूपमा विपन्न र सामाजिक रूपमा सीमान्तकृत समुदाय लक्षित वित्तिय साक्षरता सम्बन्धी पाठ्यक्रमको व्यवस्था गरि | • सामाजिक विकास महाशाखा, उप-महानगरपालिकाको | • सामाजिक संस्थाहरू<br>• निजी क्षेत्र | |

| | | | | |
|---|---|---|---|---|
| | तालीम/प्रशिक्षणहरू सञ्चालन गर्ने। | कार्यालय | | |
| २५ | महिला तथा आर्थिक रूपमा विपन्न र सामाजिक रूपमा सीमान्तकृत समुदायलाई लक्षित गरि रोजगार/स्वरोजगारलाई प्रवर्द्धन गर्ने डिजिटल साक्षरता सम्बन्धी कार्यक्रमको निर्माण गर्ने। | | • सामाजिक संस्थाहरू<br>• निजी क्षेत्र<br>• शिक्षण संस्थाहरू | |
| २६ | सामाजिक सुरक्षाका नमुना कार्यक्रमको ढाँचा तयार पार्ने। | | | |
| २७ | समान कामको समान ज्याला र न्यूनतम पारिश्रमिको मापदण्ड बनाई लागू गर्ने। | | | १ वर्ष |
| २८ | वैदेशिक रोजगारबाट फर्केका कामदारहरूको ज्ञान सीप र आयलाई स्थानीय परिवेशमा सदुपयोग गर्न वैदेशिक रोजगार बोर्डसँगको सहकार्य गरि विभिन्न आयमूलक कार्यक्रमहरू सञ्चालन गर्ने बारे सम्भाव्यता अध्ययन गर्ने। | | | २ वर्ष |
| २९ | वैदेशिक रोजगारका नाममा हुने ठगी र मानव तस्करी नियन्त्रणका लागि निरोध तथा रोकथामका कार्यक्रमहरू सञ्चालन गर्ने। | | | निरन्तर |

| | | | | |
|---|---|---|---|---|
| ३० | लैङ्गिक हिंसा विरूद्ध शून्य सहनशीलताको नीति प्रतिपादन गर्ने। | | • सामाजिक संस्थाहरू | ६ महिना |
| ३१ | कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार रोकथाम समबन्धी प्रशिक्षण सञ्चालन गरि आचारसंहिता निर्माण गर्ने। | | | १ वर्ष |
| ३२ | लैङ्गिक हिंसा निवारणमा क्रियाशील निकाय तथा संस्थाहरूको प्रेषण सञ्जाल निर्माण गर्ने। | | | |
| ३३ | लैङ्गिक हिंसा निवारण कोष सञ्चालन समबन्धी कार्यविधि निर्माण गर्ने। | | | |
| ३४ | लैङ्गिक हिंसाका पीडित/प्रभावित लक्षित सेवा प्रवाहबारे प्रेषण पथ **(Referral Path)** निर्माण गरि सरोकारवालाहरूलाई अभिमूखीकरण गर्ने। | | | |
| ३५ | लैङ्गिक हिंसाका पीडित/प्रभावित महिला तथा बालबालिकाको संरक्षण र आवासीय हेरचाहका लागि अल्पकालीन सुरक्षा गृह सम्बन्धी मापदण्ड तयार पारि सञ्चालन गर्ने गराउने। | | | २ वर्ष |

**<u>प्रमाणित गर्ने</u>**

दस्तखतः-

नाम थरः- अम्विका प्रसाद चौलागाइ

पदः- प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मितिः- २०८१ साल माघ २० गते आईतवार